# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः ४४८* *मिति २०६४।०३।३२*

**<u>इजाजत प्राप्त क र ख (राष्ट्रिय स्तरका) वर्गका बैंक तथा वित्तीय संस्थाहरु</u>**

**विषय :- विदेश (भारत बाहेक) मा उच्च शिक्षा अध्ययन गर्न जाने तथा अध्ययनरत <u>विद्यार्थीहरुलाई आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्राको सटही सुविधा सम्बन्धमा ।</u>**

महाशय,

विदेशमा उच्च शिक्षा अध्ययन गर्न जाने तथा अध्ययनरत विद्यार्थीहरुलाई आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्राको सटही अनुमति प्रदान गर्ने सम्वन्धमा देहाय अनुसारको व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधित सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**<u>शर्तहरुः</u>**

१. नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यार्थीलाई निजी खर्चमा विदेश अध्ययन गर्न जाने प्रयोजनको लागि Any Bank उल्लेख गरी ***"प्रथम पटक सटहीको लागि बैंक प्रति"*** भनी छाप लागेको No Objection Letter को सक्कल प्रति नै संलग्न हुनु पर्नेछ ।

२. सटही सुविधा उपलब्ध गराउनु अघि विद्यार्थीको नाममा जारी भएको भिसा सम्बन्धी शर्त सहितको पत्र (भिसा अगाडि के प्रयोजनको लागि कति रकम पठाउनु पर्ने हो सो व्यहोरा र भिसा नलागे रकम फिर्ता हुने व्यहोरा स्पष्ट खुलेको पत्र तर त्यस्तो पत्र नभई भुक्तानी गर्नु परेको अवस्थामा रकम फिर्ता भई नआएमा सम्बन्धित व्यक्तिनै जिम्मेवार हुनुपर्नेछ) वा भिसासँग सम्बन्धित निकायबाट प्राप्त पत्रको प्रमाणित प्रतिलिपिका साथै माग गरेको विदेशी मुद्रा रकमलाई पुष्टी गर्ने Supporting Documents (जस्तैः- सम्बन्धित शैक्षिक संस्थाको पत्र, Brochures, Invoice, I-20 फर्म आदि) र राहदानीको प्रतिलिपि अनिवार्य रुपले पेश गर्न लगाउनु पर्नेछ ।

३. भुक्तानी पाउने शैक्षिक संस्थाको नाम, ठेगाना र दफा नं.१ मा उल्लिखित शिक्षा तथा खेलकुद मन्त्रालयको No Objection Letter मा उल्लेख भएको शैक्षिक संस्थाको नाम, ठेगाना, अध्ययनको विषय र तह एउटै हुनु पर्नेछ ।

४. यसरी Supporting Documents ले अध्ययन गर्न जाने वा अध्ययनरत पुष्टि हुने देखिए पछि मात्र विदेशस्थित शैक्षिक संस्थाको नाममा भुक्तानी हुने गरी त्यस्तो बिदेशी मुद्रा रकम ड्राफ्ट/टि.टी./स्वीफ्ट ट्रान्सफरको माध्यमबाट मात्र सटही सुविधा उपलब्ध गराउनु पर्नेछ ।

५. निर्वाह खर्चको हकमा दफा २ बमोजिम पेश हुन आएको Supporting Documents हेरी विद्यार्थीबाट निर्वाह खर्च वापतको रकम आवश्यक छ भनी माग गरेको खण्डमा निर्वाह खर्च

(Living Expenses, Accomodation आदि) बापतको सटही सुविधा बिद्यार्थीको नाममा उपलब्ध गराउनु पर्नेछ । यसरी सटही सुविधा उपलब्ध गराउँदा निम्नानुसार गर्नु पर्नेछ :-

(क) शिक्षण संस्थाको नाममा शिक्षण शुल्क (Tuition Fee) भुक्तानी गरेको/सटही गरेको रकमको अनुपातमा Supporting document अनुसार वार्षिक रुपमा लाग्ने कूल रकमको बढीमा ५० प्रतिशत मात्र ६ महिनाको अवधिमा एकमुष्ठ वा पटक/पटक गरेर उपलब्ध गराउन सकिनेछ ।

(ख) सम्बन्धित शैक्षिक संस्थावाट पूर्ण छात्रवृत्ति प्राप्त गरेको पुष्टी हुने कागजात पेश गरेमा दफा ४ अनुसार शिक्षण शुल्क भुक्तानी गर्नु नपर्ने तर आंशिक छात्रवृत्ति प्राप्त भएको खण्डमा कुल भुक्तानी गर्नुपर्ने शिक्षण शुल्क र प्राप्त आंशिक छात्रवृत्ति रकमको फरक शिक्षण शुल्क भुक्तानी गरेको हुनु पर्नेछ ।

(ग) माथि खण्ड "क" र "ख" मा जेसुकै उल्लेख भएतापनि अध्ययन गर्न जाने वा अध्ययन गरी रहेको शिषण संस्था वा सम्वन्धित देशको राजदूतावासवाट शिक्षण शुल्क , निर्वाह खर्च र अन्य खर्च समेत खुलाई रकम नै किटान गरी बिद्यार्थीको नाममा सटही सुविधा उपलब्ध गराउन पत्रवाट अनुरोध भई आएमा पत्रमा उल्लेखित पुरै रकमको सटही सुविधा विद्यार्थीको नाममा उपलब्ध गराउन सकिनेछ ।

(घ) संयुक्त राज्य अमेरिकाको Education Commission for Foreign Medical Graduates (ECFMG) ले संचालन गर्ने United States Medical License Examination (USMLE) तथा अन्य देशका आधिकारिक निकायहरुले संचालन गर्ने यस्तै प्रकृतिका व्यवसायिक परीक्षामा सामेल हुन जाने बिद्यार्थीहरुको लागि नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालयले जारी गर्ने माथि दफा नं. १ बमोजिमको No Objection Letter को आधारमा परिपत्रको दफा ७ मा उल्लिखित रकम सम्म एकमुष्ट बिद्यार्थीको नाममा उपलब्ध गराउन सकिनेछ ।

६.. विदेशमा अध्ययनरत विद्यार्थीलाई दोस्रो पटकदेखि सटही सुविधा आवश्यक परी विद्यार्थी आफैले वा निजका अभिभावक/आफन्तले आफ्नो परिचय खुल्ने कुनै कागजात संलग्न गरी सटही सुविधाको लागि अनुरोध गरेमा शुरुमा सटही सुविधा पाउन अनुरोध गर्दाको अवस्थामा विद्यार्थी पढिरहेको प्रमाणित हुने सम्बन्धित शैक्षिक संस्थाले प्रदान गरेको कागजात वा विद्यार्थीको शैक्षिक संस्थासँग सम्बन्धित Valid परिचय पत्र वा पढिरहेको व्यहोरा स्पष्ट खुल्ने अन्य कुनै Latest प्रमाणको आधारमा मात्र यस्तो सटही सुविधा प्रदान गर्नु पर्नेछ ।

७. निर्वाह खर्च भनी Supporting Documents मा रकम नखुलेको अवस्थामा विद्यार्थी/अभिभावक/आफन्तबाट निर्वाह खर्च माग भएको खण्डमा दफा ५ मा उल्लिखित अन्य प्रकृयाहरु पूरा गरी निम्नानुसारको निर्वाह खर्च प्रदान गर्न सकिनेछ :-

| **क्रम संख्या** | **देशको नाम** | **वार्षिक रुपमा पाउने अधिकतम निर्वाह खर्च (अमेरिकी डलरमा)** |
|---|---|---|
| १. | बंगलादेश | २,५००।०० |
| २ | पाकिस्तान | २,५००।०० |
| ३ | चीन | ४,०००।०० |
| ४. | मलेशिया | ४,०००।०० |
| **क्रम** | **देशको नाम** | **वार्षिक रुपमा पाउने अधिकतम** |

| संख्या | | निर्वाह खर्च (अमेरिकी डलरमा) |
|---|---|---|
| ५ | थाइल्याण्ड | ४,०००।०० |
| ६ | फिलिपिन्स | ४,०००।०० |
| ७ | सिंगापुर | ६,०००।०० |
| ८ | दक्षिण कोरिया | ६,०००।०० |
| ९ | अमेरिका | ८,०००।०० |
| १० | क्यानडा | ८,०००।०० |
| ११ | अष्ट्रेलिया | ८,०००।०० |
| १२ | European Countries | ८,०००।०० |
| १३ | अन्य देशहरु | ५,०००।०० |

८.. यदि विद्यार्थीले शुरुमा पेश गरेको कागजातबाट देखिन आउने Tuition Fee र निर्वाह खर्च बापतको रकम भन्दा बढी रकमको सटही सुविधा माग गरेमा, त्यसरी वृद्धि भएको रकमलाई पुष्टी हुने कागजात अनिवार्य रुपमा पेश गरेको हुनु पर्नेछ ।

९. अध्ययन संस्थाको नाममा बनेको ड्राफ्ट / टि.टी./ स्वीफ्ट आदि रद्द गर्न अनुरोध गरेमा विद्यार्थीले Living Expenses वा अन्य भैपरी आउने खर्च लिई सकेको भए सो रकम फिर्ता गर्न लगाएर मात्र तल उल्लिखित कुनै एक कारण परेमा त्यस्तो ड्राफ्ट/टि.टि/स्वीफ्ट आदि बैंक तथा बित्तीय संस्था स्वयमले रद्द गर्न सक्नेछन् ।

तर भिसा पाई सकेपछि जर्मनी लगायत शिक्षण शुल्क नलाग्ने राष्ट्रको सम्बन्धित राजदूतावासको पत्रको आधारमा बनेका ड्राफ्ट/टि.टी./स्वीफ्ट आदि रद्द गर्न भने यस बैंकको स्विकृती लिनु पर्ने छ ।

(क) सम्बन्धित राष्ट्रको राजदूतावासबाट भिसा प्राप्त नभएको प्रमाण पेश गरेमा,

(ख) सम्बन्धित शिक्षण संस्थाको नाममा अन्य श्रोतवाट शिक्षण शुल्क भुक्तानी गरेको प्रमाण पेश गरेमा,

(ग) शिक्षण संस्था परिवर्तन गरी अर्को शिक्षण संस्थाको नाममा शिक्षण शुल्क भुक्तानी गरेको प्रमाण पेश गरेमा । तर परिवर्तित शिक्षण संस्थाको नाममा शिक्षण शुल्क भुक्तानी गर्नु पर्ने भएमा नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयबाट शिक्षण संस्था परिवर्तनको स्विकृति अनिवार्य रुपमा लिएको हुनु पर्नेछ,

(घ) म्याद समाप्त भई उल्लेखित रकम सोही शिक्षण संस्थालाई नै पुनः पठाउनु परेमा, र

(ङ) व्यवहारिक कारणवश विद्यार्थी अध्ययनको लागि जान नसक्ने अवस्था परी कारण सहित निवेदन गरेमा ।

१०. त्यस बैंक/वित्तिय संस्थाबाट सटही सुविधा लिएका विद्यार्थी वा निजका अभिभावक/आफन्तले लिखित अनुरोध गरी अन्य बैंक/वित्तीय संस्थावाट सटही सुविधा लिन चाहेमा आफ्नो अभिलेखमा भएका कागजात तथा उपलब्ध गराएको सटही सुविधा सम्बन्धी सम्पूर्ण विवरण प्रमाणित गरी सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

११. यो परिपत्र जारी हुनु पूर्व नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयले यस बैंकलाई सम्बोधन गरी लेखेको सिफारीस पत्रको आधारमा विदेशमा अध्ययनरत विद्यार्थीलाई आवश्यक पर्ने निर्वाह

बापतको रकमको सटही सुविधा उपलब्ध गराईदिन भनि विद्यार्थी वा निजका अभिभावक/आफन्तले अनुरोध गरेमा यस बैंकबाट उपलब्ध गराईने प्रमाणित कागजात तथा विवरणको आधारमा यसै परिपत्रको अधिनमा रहि त्यस्तो सटही सुविधा उपलब्ध गराउनु पर्नेछ ।

१२. माथि उल्लिखित व्यवस्था अनुसार प्रत्येक पटक सटही सुविधा प्रदान गरको स्पष्ट देखिने गरी प्रत्येक विद्यार्थीको छुट्टाछुट्टै अभिलेख (विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट) राख्नु पर्नेछ ।

१३. यसरी प्रदान गरेको सटही सुविधाको विवरण नेपाल राष्ट्र बैंक, शोधनान्तर महाशाखामा अनुसूची **२ फा.नं.ने.शो २ (क) कोड नं.१२०५००** शिक्षा शीर्षकमा उल्लेख गरी अनिवार्यरुपले मासिकरुपमा पठाउनु पर्नेछ ।

१४. विदेशमा उच्च शिक्षा अध्ययन गर्न जाने तथा अध्ययनरत विद्यार्थीहरुलाई आवश्यक पर्ने परिवर्त्य विदेशी मुद्राको सटही सुविधा सम्बन्धमा यस बिभागको इ.प्रा. परिपत्र संख्या ४४७ मिति २०६४।०२।११ को परिपत्र खारेज गरिएको छ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

<u>वोधार्थः</u>

१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय : तहाँको च.नं. २७४ मिति २०६४।३।१० को पत्रानुसार ।
४. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. बैंक सुपरिवेक्षण विभाग ।
६. वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. सूचना प्रविधि विभाग : हाम्रो वेभसाइटमा राखीदिने व्यवस्थाको लागि ।
८. आन्तरिक लेखा परिक्षण बिभाग
९. नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय ।
१०. नेपाल बैंकर्श संघ ।
११. नेपाल विकास बैंक संघ ।